सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १३९ ♦ २०८२ साल माघ ८ विहिवार ♦ २२ Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# आठ दलका अध्यक्ष तथा प्रभावशाली नेताहरू प्रत्यक्ष चुनावी प्रतिस्पर्धामा होमिए, प्रतिस्पर्धा थप रोचक

खबर दर्पण समाचारदाता

**माघ ७ गते, बर्दिवास**

आगामी प्रतिनिधिसभा निर्वाचनका लागि मधेस प्रदेशमा राजनीतिक सरगर्मी चुलिएको छ। यसपटक मधेसका विभिन्न निर्वाचन क्षेत्रबाट आठ दलका अध्यक्ष तथा प्रभावशाली नेताहरू प्रत्यक्ष चुनावी प्रतिस्पर्धामा होमिएका छन्, जसले चुनावलाई थप रोचक र बहसपूर्ण बनाएको छ।


गगन थापा


प्रभु साह


राजेन्द्र महतो


रिजवान अन्सारी


समिम अन्सारी


सर्वेन्द्र खनाल


उपेन्द्र यादव


सीके राउत

नेपाली कांग्रेसका सभापति गगन थापा सर्लाही-४ बाट चुनावी मैदानमा उत्रिएका छन्। उक्त क्षेत्रमा एमालेका अमनिशकुमार यादव र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अमरेश सिंहसँग उनको कडा प्रतिस्पर्धा हुने देखिन्छ। जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव सप्तरी-३ बाट उम्मेदवार बनेका छन्, जहाँ एमालेका ताराकान्त चौधरी, कांग्रेसका दिनेशकुमार यादव र नेकपाका अरुणकुमार साह चुनावी प्रतिस्पर्धामा छन्। जनमत पार्टीका अध्यक्ष सिके राउत सप्तरी-२ बाट चुनाव लड्दैछन्। सो क्षेत्रमा एमाले, कांग्रेस, नेकपा र स्वाभिमान पार्टीका उम्मेदवारहरू मैदानमा छन्। स्वाभिमान पार्टीका सतिश सिंह यसअघि जनमत पार्टीबाट मधेस प्रदेशका मुख्यमन्त्री बनेका थिए। उनले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर प्रतिनिधिसभा उम्मेदवारी दिएका हुन्।

रौतहट-३ बाट आम जनता पार्टीका अध्यक्ष प्रभु साह उम्मेदवार बनेका छन्। उनलाई रास्वपा, एमाले, कांग्रेस र नेकपाका उम्मेदवारहरूले चुनौती दिएका छन्। सर्लाही-२ बाट राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो उम्मेदवार बनेका छन्। सो क्षेत्रमा रास्वपा, एमाले, कांग्रेस र नेकपाबीच त्रिपक्षीयभन्दा बढी प्रतिस्पर्धा देखिन्छ।

महोत्तरी-३ बाट नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री रिजवान अन्सारी उम्मेदवार बनेका छन् भने बारा-४ बाट राष्ट्रिय निर्माण दल नेपालका अध्यक्ष समिम मियाँ अन्सारी र समुन्नत नेपाल पार्टीका अध्यक्ष तथा पूर्व प्रहरी महानिरीक्षक सवेन्द्र खनाल चुनावी प्रतिस्पर्धामा छन्।

यता, मधेसमा केही दलभित्र टिकट वितरणलाई लिएर असन्तुष्टि चुलिएको छ। जसपा नेपालका संरक्षक महन्थ ठाकुरले छोरी र सम्धीलाई प्रतिनिधिसभाको टिकट दिएपछि पार्टीभित्र विवाद देखिएको छ। टिकट नपाएपछि जसपा नेपालका महासचिव रामकुमार शर्माले सामाजिक सञ्जालमार्फत असन्तुष्टि व्यक्त गर्दै चुनावलाई 'इमान्दार नेताहरूको अग्निपरीक्षा' का रूपमा व्याख्या गरेका छन्।

धनुषा-१ बाट मधेस प्रदेशका पूर्व सभामुख रामचन्द्र मण्डल उम्मेदवार बनेका छन्। धनुषा-३ मा एमालेकी जुली महतोसँग कांग्रेसका विमलेन्द्र निधि, र ास्वपाका मनिष झा लगायत नेताहरू प्रतिस्पर्धामा छन्। धनुषा-४ बाट एमाले उपमहासचिव रघुवीर महासेठ उम्मेदवार बनेका छन्।

रौतहट-४ बाट पत्रकार ऋषि धमलाले आम जनता पार्टीको तर्फबाट उम्मेदवारी दिएका छन्। सो क्षेत्रमा विभिन्न दलका प्रभावशाली उम्मेदवारहरूबीच

बाँकी पृष्ठ ३ मा



जनकपुरधाम -१४, मुजेलिया
सम्पर्क : ९८०१६७०२४५
Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.



EURO DYNAMICS INTERNATION PVT. LTD.
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# संरक्षण अभावले सङ्कटमा ऐतिहासिक पानी पोखरी

लक्ष्मी चौधरी

**माघ ७ गते, बर्दिबास**

प्राचीन मिथिलाको राजधानी अर्थात् वर्तमान मधेश प्रदेशको राजधानीलाई पोखरी नै पोखरीको सहरले चिन्ने गरिन्छ । यहाँका दर्जनौं पोखरी अहिले सङ्कटमा छन् । पाँचभन्दा बढी पोखरी लुप्त भइसकेका छन् ।

जनकपुरधाम उपमहागनरपालिका-३, धनुषाका स्थानीय सुदर्शनलाल कर्ण अहिले ७५ वर्षको हुनुभयो । उहाँ २० वर्षको हुँदा घर नजिकैको देवान पोखरीमा नुहाउने गरेको राम्रोसँग स्मरण छ । त्यही पानी भान्साको काम प्रयोग हुन्थ्यो ।

उहाँ भन्नु हुन्छ, “मेरो हजुर बुवा हरिशचन्द्रलालले पोखरी खन्न लगाउनुभएको थियो । पछि सर्वोच्च अदालतले चन्द्रकुप (देवान) पोखरीको डिल मास्न नपाइने र सार्वजनिक हितका लागि प्रयोग गर्न मिल्ने निर्णय गरेपछि यो सबैको साझा पोखरी भयो ।”

कर्ण र उहाँको परिवारको दैनिक जीवनको हिस्सा बनेको यो पोखरी अहिले हेर्न लायक छैन । वरपर फोहोरको थुप्रोले भरिएको छ । करिब वि.सं. २०३० देखि फोहोर हुँदै जान थालेको यो पोखरी अतिक्रमणको कारण कहिले पुरिने हो, थाहा छैन । समयमा संरक्षण भएन भने यो पोखरी छिटै लुप्त भएर जान्छकी उहाँलाई चिन्ता छ ।

जनकपुरधाम परिक्रमा क्षेत्रका अधिकांश ऐतिहासिक पोखरी संरक्षण अभाव, अवैध निर्माण, फोहोर व्यवस्थापन र पानीका मुहान सुक्दै जानुले तीव्र सङ्कटमा छ । देवान पोखरी मात्र होइन, धनुषसागर, गङ्गासागर, महाराज सागर, कपालमोचनी, अग्नीकुण्ड, रामसागर लगायत दर्जनौं पोखरीको अवस्था दयनीय बन्दैछ ।

तीनै तहको सरकारले करोडौं खर्च गरे पनि प्रभावकारी व्यवस्थापन हुन नसक्दा एक समय ५२ कुट्टी र ७२ कुण्डका रूपमा परिचित जनकपुरधामको पोखरी क्रमशः आकार घट्दै, हराउँदै गइरहेको छ ।

विभिन्न अध्ययन-प्रतिवेदनले जनकपुरमा कहिल्यै स्पष्ट अभिलेख नहुँदा पनि दशकौं यता पोखरीको सङ्ख्या र क्षेत्रफल दुबै घटेको देखाएको छ । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को प्रतिवेदन अनुसार ४९ सार्वजनिक पोखरीमध्ये पाँच ओझेल परिसकेको छ । यी पोखरीमा जनक सरोवर, अमृतकुण्ड, गोपाल सर, पयस्विनी सर र बलदेव सर हुन् । बाँकी धेरै पोखरी अतिक्रमण र उपेक्षाको कारण साँघुरिँदै छन् ।

योक्रम रोकिएन भने गङ्गासागर, धनुषसागरदेखि वाल्मीकि सर सम्मका दर्जनौं पोखरी इतिहासको पानामा सीमित हुने खतरा बढ्दो छ ।

## संरक्षणमा उदासिनता

जनकपुरधाममा पोखरी संरक्षणको नाममा दशकौंदेखि घेराबार, कङ्क्रिटको डिल र टायल्स लगाइने कामले प्राकृतिक सौन्दर्यता र वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । बृहत्तर जनकपुर क्षेत्र विकास समितिबाट २०५२ सालमै सुरु भएको कङ्क्रिटीकरण अहिले पनि विभिन्न निकायमार्फत निरन्तर जारी छ ।



जनकपुरधाम-८ स्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषदभन्दा पश्चिममा अवस्थित कपालमोचनी सर पोखरी । तस्विरः लक्ष्मी चौधरी

स्थानीयको गुनासो अनुसार यसले धार्मिक महत्त्व कम हुँदै गएको छ, पानीका मुहान सुक्दै गएका छन् । अत्यधिक गर्मी तथा वातावरणीय असन्तुलन बढेको छ । उपमहानगरपालिकाले अब कङ्क्रिटको डिल नबनाइ पोखरीको पिँध सफाइतर्फ ध्यान दिने जनाएको छ । धेरै पोखरी गुठीको स्वामित्वमा परेकाले ठोस योजना बनाउन कठिन भइरहेको छ ।

विगतमा सौन्दर्यीकरणको नाममा करोडौं खर्च भए पनि वातावरणमैत्री संरक्षण सम्भव भएको छैन । वातावरणविद् सुरेश शर्माका अनुसार अत्यधिक कङ्क्रिट प्रयोगले भू-जल पुनर्भरण रोक्छ, वर्षाको पानी सोस्ने क्षमता घटाउँछ र पोखरीको प्राकृतिक जलस्तर बिगार्छ ।

सरकार र स्थानीय निकायको उदासीनताबिच केही युवाहरू र महिला २०७२ सालदेखि सरसफाइ, अतिक्रमण हटाउने र संरक्षण अभियानमा सक्रिय छन् । नागरिक समाजका अगुवा दिवाकर उप्रेती पोखरी जनकपुरको पहिचान भएकाले संरक्षणमा ढिलाइ भए, भविष्यमा धेरै पोखरी लोप हुने गम्भीर खतरा छ । उप्रेती भन्नुहुन्छ, “पोखरी हाम्रो पहिचान हो । हामी स्थानीय तहबाट संरक्षणका लागि दबाब दिइरहेका छौं । संरक्षण हुन नसके अस्तित्व मेटिन्छ ।”

## व्यवस्थापन चुनौती

जनकपुरधामका दर्जनौं ऐतिहासिक पोखरी तीव्र अतिक्रमणका कारण गायब हुँदै गएका छन् । तेलहा, मडहा, चन्द्रकुप, रामसागर, मुरली सर, पुरन्दर सर, पाकवती सर, लक्ष्मण सर, कपालमोचनी र दिर्घीका सरलगायतका पोखरी चारैतिरबाट घेरिँदै ठुलो भाग पुरिएका छन् ।

अधिकांश सम्पदा क्षेत्रका जग्गा राज्यलाई थाहा नदिइ निजी रूपमा बिक्री भएको रहस्यमय घटनाले समस्या झन जटिल बनाएको छ । वकिल टोलस्थित ‘जनक सरोवर, अञ्चल अस्पताल दक्षिणको ‘अमृत कुण्ड’, मानकी होटल पश्चिमको ‘पयश्विनी सर’, कन्या विद्यालय पूर्वको ‘बलदेव सर’ र गोपाल धर्मशाला छेउको ‘गोपाल पोखरी’ अहिले बस्ती र निजी घरले पूर्णरूपमा ढाकिएका छन् ।

“पोखरीको सहर” भनेर चिनिने जनकपुरमा जलस्रोत मासिँदा पारिस्थितिकीय सन्तुलन, संस्कृति र दैनिक जीवनमै असर पर्न थालेको वातावरणविद् सुरेश शर्माको भनाइ छ । उहाँका अनुसार तत्काल अतिक्रमण रोक्ने र पोखरी संरक्षण गरिएन भने सहरमा पर्यावरणीय सङ्कट गहिरिँदै जाने छ ।

## सुख्खाग्रस्त क्षेत्र घोषणा

यसवर्ष ढिलो वर्षाका कारण तराई-मधेशका किसानहरू सङ्कटमा परेका थिए । रोपाइँको समयमा खेत सुख्खा हुँदा बिउ-बिजन, मलखाद र मिहिनेतको लगानी जोखिममा परेको छ ।

पर्याप्त पानी नपर्दा कल, पोखरी र इनार सुक्दै गएपछि कतिपय ठाउँमा ट्याङ्करमार्फत पानी वितरण गरिएको थियो । आठै जिल्लामा स्यालो ट्युबेलका लागि प्रदेश सरकारले निवेदन मागेको छ ।

मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेपछि महोत्तरीको मटिहानीमा आयोजित कार्यक्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ५०० डिप बोरिङ जडान आवश्यक रहेको घोषणा गर्नुभएको थियो ।

जलवायु तथा वातावरणविज्ञ डा. डमिन्द्र दाहालका अनुसार, डिप बोरिङले भूमिगत पानी झन् घटाउने भएकाले दीर्घकालीन समाधान बन्न सक्दैन । डा. दाहाल भन्नुहुन्छ, “मिथिला सभ्यताको आधार पोखरी-तलाउको विज्ञान हो । भूमिगत पानी दोहनअघि पोखरी र प्राकृतिक जलस्रोत संरक्षण अनिवार्य छ ।”

उहाँका अनुसार कुलो प्रणालीको उपेक्षा, पम्पमा निर्भरता र अव्यवस्थित सिँचाइ नीतिले भूमिगत जलस्तर तल झर्दै गएको छ । अत्यधिक दोहन नियन्त्रण नगरे सुख्खा, विस्थापन र खेती सङ्कट नेपालमा पनि दोहोरिन सक्ने चेतावनी उहाँको छ ।

उहाँले चुरे-भावर क्षेत्रमा वर्षाको पानी थाम्ने संरचना निर्माण गरी भूमिगत पुनर्भरण बढाए तराईको पोखरी कहिल्यै नसुक्ने सुझाव समेत दिनुभयो । “हामीसँग बजेट, प्रविधि र क्षमता सबै छ, अहिले आवश्यक छ त दीर्घकालीन सोच र प्रकृतिप्रति प्रतिबद्धताको” दाहालले भन्नुभयो ।

उहाँका अनुसार पोखरी, इनार र कुवा केवल संरचना होइन, मानिस, जीवजन्तु र सम्पूर्ण सभ्यताको साझा प्राकृतिक स्रोत भएकाले सार्वजनिक पानीमा कसैको एक्लो निर्णय मान्य हुँदैन । यसका लागि पालिका, प्रदेश, सङ्घ र सबै निकाय एकमत भएर काम गर्न आवश्यक छ । उहाँले भन्नु भयो, “हामीसँग विज्ञान, प्रविधि, बजेट र संरचना बनाउने क्षमता सबै छ, अहिले चाहिएको केवल सही उपयोग र प्रकृतिप्रति प्रतिबद्धता मात्र हो ।”

**यो स्टोरी इन्टरन्यूज अर्थ जर्नालिज्म नेटवर्क र नेपाल वातावरण पत्रकार समूहको सहयोगमा तयार गरिएको हो ।**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेश सभाको आठौँ वार्षिकोत्सवको तयारी बैठक सम्पन्न



**खबर दर्पण समाचारदाता**
**माघ ७ गते, बर्दिवास**

मधेश प्रदेश सभा आठौँ वार्षिकोत्सव आयोजना मूल समारोह समितिका संयोजक तथा विभिन्न उपसमितिका संयोजकहरूको संयुक्त बैठक सम्पन्न भएको छ ।

बैठकमा आठौँ वार्षिकोत्सव कार्यक्रमको तयारी, व्यवस्थापन र समन्वयका विविध पक्षमा विस्तृत छलफल गरिएको हो । कार्यक्रमलाई गरिमामय, समावेशी र प्रदेश सभाको गरिमालाई झल्काउने ढंगले सम्पन्न गर्ने विषयमा सहभागीहरूले आ-आफ्ना सुझाव प्रस्तुत गरेका थिए ।

बैठकमा बोल्दै सभामुख रामअशिष यादवले मधेश प्रदेश सभाको आठौँ वार्षिकोत्सव औपचारिक कार्यक्रम मात्र नभई संघीय लोकतान्त्रिक अभ्यास, विधायिकी सुदृढीकरण र प्रदेश सभाको उपलब्धि जनतासामु प्रस्तुत गर्ने महत्वपूर्ण अवसर भएको बताए ।

उनले भने, 'वार्षिकोत्सवले प्रदेश सभाको भूमिका, जिम्मेवारी र उपलब्धिलाई जनतासम्म पुऱ्याउनुपर्छ। त्यसका लागि सबै उपसमितिबीच प्रभावकारी समन्वय आवश्यक छ ।'

सभामुखले कार्यक्रमको तयारीमा समय व्यवस्थापन, अतिथिहरूको समुचित व्यवस्थापन, प्रचारप्रसार र सुरक्षा व्यवस्थामा विशेष ध्यान दिन निर्देशन दिए । साथै, सबै उपसमितिलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्न आग्रह गर्दै सफल आयोजनाका लागि सामूहिक प्रयास अपरिहार्य रहेको बताए ।

बैठकमा सहभागी संयोजकहरूले सभामुखको निर्देशनअनुसार आ-आफ्नो क्षेत्रबाट आवश्यक तयारीलाई तीव्र बनाउने प्रतिबद्धता जनाएका छन् ।

# ५ जना उम्मेदवारविरुद्ध उजुरी दर्ता

**खबर दर्पण समाचारदाता**
**माघ ७ गते, बर्दिवास**




फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावका लागि मनोनयन दर्ता गरेकामध्ये पाँच जना उम्मेदवार विरुद्ध उजुरी परेको छ ।

निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार हिजो १ सय ६५ निर्वाचन क्षेत्रमा मनोनयन दर्ता गराएका कुल ३ हजार ४ सय ८६ उम्मेदवारमध्ये पाँच जनाविरुद्ध मात्र उजुरी दर्ता भएको हो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित राजिव खत्री, जानुका पाठक, लालविक्रम थापा र रेशम चौधरीविरुद्ध उजुरी परेको छ ।

आयोगले आज बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उजुरी सङ्कलन गरेको थियो । उजुरीमाथि छानबिनको काम शुरू भइसकेको र भोलि बेलुका ५ बजेसम्म निर्णय गरिने आयोगका सहायक प्रवक्ता जिसीले जानकारी दिनुभयो ।

आयोगले भोलि बेलुका ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यसूची छ । पर्सि शुक्रवार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको भने त्यही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ ।

शुक्रवारकै दिउँसो ४ बजेदेखि बेलुका ७ बजेसम्ममा उम्मेदवारले चुनाव चिह्न पाउने निर्वाचन आयोगले जनाएको छ ।

# प्रदेशसभा सदस्य र पालिकामा रिक्त पदको चुनाव फागुन २१ लगत्तै : निर्वाचन आयोग

**खबर दर्पण समाचारदाता**
**माघ ७ गते, बर्दिवास**

निर्वाचन आयोगले प्रदेशसभा सदस्य र पालिकामा रिक्त पदको चुनाव फागुन २१ लगत्तै गर्ने तयारी गरेको जनाएको छ । कतिपय प्रदेशसभा सदस्य र पालिकाका मेयर/उपमेयर/अध्यक्ष/उपाध्यक्षले पदबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्य चुनावमा सहभागि भएका छन् ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले रिक्त रहेका स्थानमा सरकारसँग आवश्यक परामर्श गरी ६ महिनाभित्र चुनाव गरिसक्ने जानकारी दिनुभयो । निर्वाचित भएर कार्यसम्पादन गरिरहेको पदबाट राजीनामा दिइसकेपछि ६ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने वैधानिक व्यवस्था हो । उहाँले आउँदो प्रतिनिधिसभा सदस्य चुनावलाई सम्पन्न गर्न सहयोग गर्न सरोकारवाला सबैमा आग्रह पनि गर्नुभएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**लिक्विडेटर कार्यालयको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि.नं. २१३४७२ पाईला सोलुसन्स प्रा.लि. को मिति २०७६०-१-०८ मा बसेको बिषेश साधारण सभाले कम्पनी खारेजी गर्ने विशेष प्रस्ताव पारित गरिएको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

# धनुषामा माघ २० भित्र हातहतियार बुझाउन प्रशासनको आग्रह

**खबर दर्पण समाचारदाता**
**माघ ७ गते, महेन्द्रनगर**

जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लाभित्र रहेका इजाजतप्राप्त हातहतियार तथा खरखजाना अनिवार्य रूपमा बुझाउन निर्देशन दिएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्त, सुरक्षित र विश्वसनीय बनाउन यस्तो निर्देशन दिइएको हो ।

जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको सूचनाअनुसार जिल्लामा रहेका सबै इजाजतप्राप्त हातहतियार माघ २० गतेभित्र जिल्ला प्रहरी कार्यालय धनुषा वा नजिकको प्रहरी इकाइमा लगत कायम गरी बुझाउनुपर्नेछ ।

निर्वाचनको समयमा कुनै पनि सुरक्षा जोखिम नहोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको कार्यालयले जनाएको छ । प्रहरी इकाइमा बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएको एक महिनापछि सम्बन्धित धनीले फिर्ता पाउने छन् । तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा प्रचलित कानूनअनुसार कारबाही हुने चेतावनी समेत प्रशासनले दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले निर्वाचनलाई निष्पक्ष, भयरहित र मर्यादित बनाउन सबै सरोकारवाला पक्षको सहयोग आवश्यक रहेको उल्लेख गर्दै सूचनाको पूर्ण पालना गर्न सर्वसाधारणलाई आग्रह गरेका छन् ।

# आठ दलका अध्यक्ष तथा.....


कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

मधेस प्रदेशमा प्रतिनिधिसभाका कुल ३२ सिट छन्। अघिल्ला निर्वाचनमा सिट बाँडफाँटमा ठूलो उतारचढाव देखिएको थियो। यसपटक अघिल्ला चुनावमा सिट जित्न नसकेको रास्वपाले मधेसमा उल्लेख्य मत पाउने अपेक्षा गरेको छ। २०७३ को निर्वाचनमा मधेशवादी पार्टी जसपाले १० र लोसपाले ९ गरी सबैभन्दा बढी १९ सिट जितेका थिए। त्यस बेला कांग्रेसले ६, माओवादीले ५ र एमालेले २ सिट हात पारेको थियो।

०७८ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले १०, जसपाले ६, लोसपाले ३ र जनमत पार्टीले एउटा सिट हात पारेको थियो। त्यसैगरी नेपाली कांग्रेसले ७, नेकपा माओवादीले ३ र दुईजना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए। विगतका दुईवटै निर्वाचनमा मधेसबाट एउटा सिट पनि हात पार्न नसकेको रास्वपाले यसपटक मधेसमा राम्रो मतको आशा गरेको छ। मधेसमा २९ लाख १० हजार २३ मतदाता छन्। जसमा महिला मतदाता १३ लाख ३२ हजार ६४० र पुरुष मतदाता १५ लाख ७७ हजार ३१७ छन्।



# प्रतिनिधिसभा निर्वाचनः धनुषामा १५८ उम्मेदवार, कसैविरुद्ध परेन उजुरी



**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, बर्दिवास**

धनुषामा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका कुनै पनि उम्मेदवार विरुद्ध उजुरी परेको छैन ।

मुख्य निर्वाचन अधिकृत शुभाषबाबु पुरीका अनुसार चार वटै निर्वाचन क्षेत्रका उम्मेदवार विरुद्ध उजुरी दर्ता भएको छैन । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मंगलबार उम्मेदवारी दर्ता सम्पन्न भएको थियो भने बुधबार बिहान १० बजेदेखि १ बजेसम्मका लागि उजुरीको समय निर्धारण गरिएको थियो ।

जिल्ला निर्वाचन कार्यालय धनुषाका अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा ४२ जना, क्षेत्र नम्बर २ मा ३४ जना, क्षेत्र नम्बर ३ मा ४५ जना र क्षेत्र नम्बर ४ मा ३७ जनाको उम्मेदवारी परेको छ ।

यसपटकको निर्वाचनमा अधिकांश क्षेत्रमा २०७९ सालको निर्वाचनमा प्रतिस्पर्धा गरेका उम्मेदवारहरू नै दोहोरिएको देखिएको छ । प्रमुख दलहरूले पुरानै अनुहारलाई पुनः मैदानमा उतारेपछि चुनावी प्रतिस्पर्धा चिर परिचित व्यक्तिहरूबीच केन्द्रित हुने देखिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा जनता समाजवादी पार्टी ( जसपा) नेपालबाट दीपक कार्की उम्मेदवार छन् । उनी २०७९ को निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित भएका थिए । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट मातृका प्रसाद यादव उम्मेदवार बनेका छन् । उनी अघिल्लो निर्वाचनमा दोस्रो स्थानमा रहेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट किशोरी साह उम्मेदवार छन् । उनी २०७९ मा जनमत पार्टीबाट प्रतिस्पर्धा गर्दै तेस्रो स्थानमा पुगेका थिए । नेपाली कांग्रेसबाट रामपल्टन साह चुनावी मैदानमा छन् ।

धनुषा क्षेत्र नम्बर २ मा पनि प्रमुख दलका पुरानै उम्मेदवारहरूको वर्चस्व देखिन्छ । यहाँ नेकपाबाट रामचन्द्र झा, नेपाली कांग्रेसबाट दिनेशप्रसाद यादव (प्रसैला) र नेकपा एमालेबाट उमाशंकर अरगरिया लगायत उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

धनुषा क्षेत्र नम्बर ३ मा नेकपा एमालेबाट जुली कुमारी महतो, नेपाली कांग्रेसबाट विमलेन्द्र निधि, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मनिष झा, जसपा नेपालबाट परमेश्वर साहलगायत उम्मेदवार छन् ।

धनुषा क्षेत्र नम्बर ४ मा पनि अघिल्लो निर्वाचनका प्रतिस्पर्धीहरू पुनः आमनेसामने छन् । नेकपा एमालेका रघुवीर महासेठ र नेपाली कांग्रेसका महेन्द्र यादव मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् । २०७९ को निर्वाचनमा महासेठ निर्वाचित भएका थिए भने यादव दोस्रो स्थानमा सीमित भएका थिए ।

उजुरी नपर्नुले उम्मेदवारी प्रक्रिया शान्तिपूर्ण र नियमसम्मत ढंगले सम्पन्न भएको निर्वाचन कार्यालयले जनाएको छ ।

अब उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनसँगै धनुषामा चुनावी माहोल थप तातिने छ ।

# महोत्तरीका ४ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारविरुद्ध उजुरी परेन




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**माघ ७ गते, महोत्तरी**

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लामा मनोनयन दर्ता गराएका उम्मेदवारविरुद्ध कुनै पनि उजुरी नपरेको छ।

जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा दाबी-विरोध तथा उजुरी दर्ताको समयावधि सकिँदासम्म एक पनि उजुरी नआएको निर्वाचन प्रशासनले जनाएको छ।

मंगलबार महोत्तरीका चार निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका लागि १९ जना महिला सहित कुल १४३ जनाले उम्मेदवारी दर्ता गराएका थिए। मनोनयन दर्तापछि निर्वाचन तालिकाअनुसार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म उम्मेदवारविरुद्ध दाबी-विरोध तथा उजुरी दर्ता गर्ने समय तोकिएको थियो।

निर्धारित समयभर निर्वाचन कर्मचारी कार्यालयमा उपस्थित रहे पनि कुनै पनि क्षेत्रबाट उजुरी नपरेको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार सबै निर्वाचन क्षेत्रमा मनोनयन प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको हो।

उजुरी नपरेसँगै अब निर्वाचन प्रक्रिया तोकिएकै तालिकाअनुसार अघि बढाइने भएको छ। मुख्य निर्वाचन अधिकृत अधिकारीका अनुसार मनोनयनपत्रको जाँचबुझपछि यही ८ गते बिहीबार उम्मेदवारको प्रारम्भिक नामावली सार्वजनिक गरिनेछ।

त्यसपछि ९ गते शुक्रबार उम्मेदवारले नाम फिर्ता लिन सक्ने व्यवस्था गरिएको छ। सोही दिन उम्मेदवारको अन्तिम नामावलीसहित निर्वाचन चिन्ह पनि सार्वजनिक गरिने निर्वाचन कार्यालयले जनाएको छ। उजुरी नआएकाले बाँकी सबै प्रक्रिया सहज रूपमा अगाडि बढ्ने विश्वास निर्वाचन प्रशासनले व्यक्त गरेको छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,